कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

Makar jitumaya Suri Hydropower

# मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय: त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ०१-४११७००८
Web: www.mjshydropower.com.np, Email: mjs.hydropower2065@gmail.com

## को

## आयोजना अति प्रभावित क्षेत्र दोलखा जिल्लाका (गौरी शंकर गाँउपालिकाको वडा नं. ५ र ६ ) का बासिन्दा तथा प्रभावित क्षेत्र दोलखा जिल्लाका (गौरी शंकर गाँउ पालिका १, २, ३ ४, ७, ८ र ९) र सामान्य प्रभावित क्षेत्र बिगु गाँउपालिकाका सम्पूर्ण वडाको बासिन्दाहरुको निमित्त शेयर निस्काशन तथा बिक्री खुल्ला भइरहेको बारेको सूचना ।

**आयोजना अति प्रभावित क्षेत्र दोलाखा जिल्ला गौरी शंकर गाँउपालिकाको वडा नं. ५ र ६ का लागि ३,०४,००० कित्ता, प्रभावित क्षेत्र प्रभावित क्षेत्र (गौरी शंकर गाँउपालिकाको वडा नं. १,२,३,४,७, ८ र ९) का लागि ३,४२,००० कित्ता र सामान्य प्रभावित क्षेत्र (बिगु गाँउपालिकाका सम्पूर्ण वडाहरु) का लागि १,१४,००० कित्ता शेयर मिति २०७९/१०/१५ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला भईरहेको सहर्ष जानकारी गराउँदछौं । साथै, माग गरे बमोजिमको आवेदन प्राप्त हुन नआएकोले हाललाई शेयर आवेदन दिने मिति २०७९/११/१५ गते सम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्याः १० | कित्ता दरखास्त दिनुपर्ने अधिकतम शेयर संख्याः १०,००० कित्ता |
|---|---|

**दरखास्त साथ प्रति शेयर १००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्नेछ ।**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| क. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइटः www.prabhucapital.com, फोन नं.: ०१-४१६९१००, ०१-५९७०२०० |
| ख. | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौ, www.mjshydropower.com.np |
| ग. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np |

**आयोजना प्रभावित क्षेत्रका स्थाई बासिन्दाहरुका लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने स्थानहरुः**

१. प्रभु बैक लिमिटेड, दोलखा शाखा ।
२. प्रभु बैक लिमिटेड, साबिकको (सेञ्चुरी कमर्सियल बैक लिमिटेड, चरिकोट, सिंगटी र जिरी शाखा) ।
३. लक्ष्मी बैक लिमिटेड, चरिकोट शाखा तथा सुनखानी शाखा ।
४. सुरी खोला जलविद्युत आयोजना स्थलको कार्यालय, दोलखा ।
५. माथिल्लो सुरी खोला जलविद्युत आयोजना स्थलको कार्यालय, दोलखा ।
६. प्रभु क्यापिलट लिमिटेड, कमलादी, काठमाण्डौं तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन https://ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछन् ।

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु. २/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।**

नोटः आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आश्वा मार्फत आवेदन फारम बुझाउने व्यवस्था नरहेको ।

## निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७९/११/१५ गते (बैकिङ्ग समय पश्चात)सम्म

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई तथा कर्मचारीहरुलाई बिक्री वितरण गरेको शेयर सर्बसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छः

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | सुरी खोला हाईड्रोपावर लि. | मकर जितुमाया हाईड्रोपावर प्रा. लि. | मकर जितुमाया हाईड्रोपावर प्रा. लि.* | | मकर जितुमाया हाईड्रोपावर प्रा. लि.* | | |
| | २०७६/७७ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति शेयर नेटवर्थ रु. | ६७.०५ | ७९.११ | ८१.६३ | ९२.७१ | ९५.२८ | ११०.३२ | १२७.८० |
| प्रति शेयर आम्दानी रु. | (५.२५) | (३.७) | (४.१३) | (३.८०) | ०.३९ | १५.०४ | १७.४८ |
| संचित नाफा नोक्सान (रु हजार | (२५,८६५) | (२४,५९४) | (६२,५९८) | (३८,८०१) | (३५,८६४) | ७८,४१६ | २,११,२८८ |

**प्रति मेगावाट लागत सम्बन्धी विवरणः**

कम्पनीले प्रवर्धन गरिरहेको सुरी खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत सहित प्रति मे.वा. रु.१९,२३,४५,५७१/- छ र माथिल्लो सुरी खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत सहित प्रति मे.वा. रु १८,५०,००,०००/- छ ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरणः**

सुरी खोला जलविद्युत आयोजनाको (६.४ मे.वा.) विद्युत उत्पादन अनुमती पत्र वहाल रहने अवधि मिति २०७२/०२/२४ देखि २१०७/०२/२३ गते सम्म रहेको ले २७ वर्ष ८ महिना बाँकी रहेको छ र माथिल्लो सुरी खोला जलविद्युत आयोजनाको (७.० मे.वा.) विद्युत उत्पादन अनुमती पत्र वहाल रहने अवधि मिति २०७६/०४/१५ देखि २१११/०४/१४ गते सम्म रहेको ले ३१ वर्ष १० महिना बाँकी रहेको छ ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरणः**

सुरी खोला जलविद्युत आयोजनाको आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ९.१५ वर्ष र Discounted Pay Back Period १७.३७ वर्ष र माथिल्लो सुरी खोला जलविद्युत आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ८.४४ वर्ष र Discounted Pay Back Period १२.९५ वषरहेको छ ।

**जलविद्युत आयोजनाको कुल लागत विवरणः**

सुरी खोला जलविद्युत आयोजनाका (Interest During Construction (IDC) सहित रु.१,३४,६४,१९,०००/- रहेको छ र माथिल्लो सुरी खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित रु.१,२९,५०,००,००० /- रहेको छ ।

## क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[CARE-NP BB (Is) [Double B (Issuer)]" रेटिङ्ग प्राप्त गरेको छ । "[CARE-NP BB (Is) [Double B (Issuer)]" ले कम्पनीको दाहित्व वहन गर्ने क्षमता औसत जोखिम "Moderate risk of default regarding timely servicing of financial Obligations" रहेका जनाउँदछ । केयर रेटिङ्ग नेपाल लिमिटेडले NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा CARER-NP AAA (Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARER-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ ।

**क्रेडिट रेटिङ्ग प्रदान गरेको मितिः २०७९ भाद्र २८** **बहाल रहने अवधि २०८० भाद्र २७**

*लागानीकर्ताले धितोपत्र सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरण-पत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।*

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्याः १० | कित्ता दरखास्त दिनुपर्ने अधिकतम शेयर संख्याः ५०,००० कित्ता |
|---|---|

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना ।

मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेडले सार्वजनिक निष्काशन गरेको शेयरको १०% अर्थात् प्रति शेयर (रु. १००) अंकित दरको १,५२,००० (एक लाख बाउन्न हजार) कित्ता साधारण शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको लागि मिति २०७९/१०/१५ गते देखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आज मिति २०७९/१०/२९ गते (बैकिङ्ग समय पश्चात्) सो शेयरको लागि आवेदन दिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधारमानि साधारण शेयरका लागि दरखास्त साथ रकम बुझिलिने कार्य आज मिति २०७९/१०/२९ गते (बैकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध छ ।

यस नियकाशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, निष्काशन बैंक तथा सम्बन्धित सबै नियमन निकायहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

*यस निष्काशन सम्बन्धि विस्तृत जानकारीको लागि मिति २०७९ माघ १५ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा कम्पनीको वेवसाइट www.mjshydropower.com.np तथा धितोपत्र निष्काशन बिक्री प्रबन्धकको वेवसाइट www.prabhucapital.com.np बाट समेत प्राप्त गर्न सकिने छ ।*

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

**प्रभु क्यापिटल लिमिटेड**

कमलादी, काठमाडौं, फोन नं. ०१-५९७०२००, ०१-४१६९१००
E-mail: info@prabhucapital.com, web: www.prabhucapital.com

*आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाइ साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला रहने तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयर निष्काशन तथा बिक्री बन्द सम्बन्धी सूचना मिति २०७९ माघ २९ गते आइतबार नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ ।*